

# अध्याय -१

## चिन्ह वा सूचकहरूबाट येशूलाई औँल्याउँछन्

*<u>यस अध्यायमा मुल पदहरू:</u>* यूहन्ना २:१-११, यूहन्ना ४:४६-५४, यूहन्ना ५:१-१६, मर्कूस ३:२२,२३, मत्ती १२:९-१४ र यूहन्ना ५:१६-४७।

*<u>यस अध्यायको सार पद:</u>* **"येशूले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।" यूहन्ना २०:३०-३१।**

यथार्थमा यूहन्नाले सुसमाचारको पुस्तक किन लेखे? के उनले येशूका अलौकिक र आश्चर्य कामहरूका विवरणहरू जोर दिएर प्रस्तुत गर्न? के उहाँ धर्मगुरु हुनुभएकोले उहाँका विशेष शिक्षादीक्षा र दर्शनहरू प्रस्तुत गर्न? जुन रूपमा यूहन्नाको पुस्तक लेखिएको थियो, त्यसको खास कारण वा लक्ष के थियो?

पवित्र आत्माको शक्ति र प्रभावले आफ्नो पुस्तक किन लेखे भनेर व्याख्या गर्दछन्। यो पुस्तक लेखिएको लक्ष यस अध्यायको सार पदमा नै प्रस्तुत गरिएको छः "येशूले अरू धेरै चिन्ह वा अलौकिक कामहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। तर यी लेखिएका छन्, (वा जति लेखिएका छन्) कि *<u>तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट</u>*

*हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।"* यूहन्ना २०:३०-३१।

यस अध्यायमा हामीले येशूले सुरुमा गर्नुभएका केही अलौकिक वा आश्चर्य कामहरूका विवरण हेर्नेछौं। तिनीहरूमा विवाहको भोजमा येशूले पानीलाई दाखको रसमा परिणत गर्नुभएको, बाबुको धेरै बिरामी भएको छोरोलाई निको पार्नुभएको, बेथसेडाको पोखरीतिर फर्केर बसेको धेरै बिरामीलाई उहाँले निको पार्नुभएको आदि।

ती सबै अचम्म कामहरू केवल कामहरू मात्र नभएर  चिन्ह वा सूचकहरू हुन् भनेर यूहन्नाले लेख्दछन्। यिनीहरू केवल बाटोमा राख्ने चिन्ह वा साइनहरू नभएर ती आश्चर्य कामहरूले गहिरो अर्थ वा वास्तविकतालाई औँल्याउछन्। येशू उद्धारकर्ता मसीह हुनुहुन्छ। ती सबै विवरणहरूमा मानिसहरूले उहाँमा विश्वास गरेर प्रतिक्रिया कसरी जनाएका थिए, त्यसका उदाहरणहरू हामीले हेर्नेछौं। तिनीहरूको उदाहरणले येशू प्रति त्यही प्रतिक्रिया जनाउन हामीहरूलाई आह्वान गरिएको छ।

## १. काना सहरमा विवाह

**यूहन्ना २:१-११ पढ्नुहोस्। येशूले के आश्चर्य काम गर्नुभयो जसले गर्दा उहाँ को हुनुहुन्छ भनेर उहाँले शङ्केत गर्नुभएको थियो, त्यसको फलस्वरूप चेलाहरूले उहाँलाई विश्वास गर्न टेवा मिलेको थियो? हेर्नुहोस्ः "१ तेस्रो दिन गालीलको काना नगरमा एउटा विवाह थियो। येशूकी आमा त्यहाँ थिइन्। २ येशू र उहाँका चेलाहरू पनि विवाहमा निम्त्याइएका थिए। ३ दाखमद्य सिद्धिएपछि येशूकी आमाले उहाँलाई भनिन्, "तिनीहरूसित दाखमद्य छैन।" ४ येशूले तिनलाई भन्नुभयो, "हे नारी, मैले के गर्नुपर्छ मलाई नभन्नुहोस्। मेरो समय अझसम्म आएको छैन।' ५ उहाँकी आमाले चाकरहरूलाई भनिन्, "उहाँले भन्नुभएबमोजिम तिमीहरूले गर।" ६ अब यहूदीहरूको शुद्धि हुने प्रथाको निम्ति त्यहाँ प्रायः एक सय लिटर अटाउने ढुङ्गाका छ वटा घ्याम्पाहरू राखिएका थिए। ७ येशूले तिनीहरूलाई भन्नुभयो, "घ्याम्पाहरू पानीले भर।" तिनीहरूले घ्याम्पाको मुखसम्मै पानी भरिदिए। ८ उहाँले तिनीहरूलाई भन्नुभयो, "अलिकता उघाएर भोजका मुखियाकहाँ लैजाओ।" तिनीहरूले सो लगे। ९ भोजका मुखियाले त्यो पानी चाखे, जो अब दाखमद्यमा परिणत भएको थियो। त्यो कहाँबाट आएको हो सो तिनलाई थाहा थिएन, तर पानी भर्ने चाकरहरूलाई भने**

**थाहा थियो। तब भोजका मुखियाले दुलहालाई बोलाएर भने, १० "हरेक मानिसले पहिले असल दाखमद्य टक्र्याउँछ अनि मानिसहरूले निकै खाइसकेपछि मात्र कमसल दाखमद्य राखिदिन्छ। तिमीले त असल दाखमद्य अहिलेसम्म राखिछोड़ेछौ।" ११ उहाँका चिन्हहरूमध्ये यो पहिलो चिन्ह येशूले गालीलको कानामा गर्नुभयो। यसरी उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो, अनि उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे।"**

पानीलाई फलफूलको रसमा परिवर्तन गर्नुभएकोले उहाँको हुनुहुन्थ्यो भनेर उहाँले प्रमाण दिनुभएको थियो। चेलाहरू उहाँको पक्षमा लागेर उहाँलाई पछ्याउन त्यस अलौकिक कामले उपलब्ध गराएको थियो। उहाँ परमेश्वरबाट आउनुभएको हो भनेर त्यस आश्चर्य कामले औंल्याएको थियो। (हुन त उहाँ आफैं परमेश्वर हुनुहुन्छ भन्ने धारणालाई ती चेलाहरूले बुझ्न तयार थिएन होला)।

मोशा इस्राएलीहरूका अगुवा थिए। उनले अनेकौं चिन्ह र आश्चर्य कामहरू गरेर इस्राएलीहरूलाई मिश्र देशबाट बाहिर निकालेका थिए (व्यवस्था ६:२२, २६:८)। इस्रायलीहरूलाई मिश्रको दासत्वबाट स्वतन्त्र पार्न परमेश्वरले मोशालाई प्रयोग गर्नुभएको थियो। (उनी तिनीहरूको निम्ति "उद्धारकर्ता" भएका थिए भने पनि हुन्छ)।

मोशा जस्तै अगमवक्ता आउनेछ भनेर मोशाबाट नै परमेश्वरले भविष्यवाणी गर्नुभएको थियो। इस्राएलीहरूले उनलाई सुन्नुपर्छ भनेर परमेश्वरले तिनीहरूलाई भन्नुभएको थियो (व्यवस्था १८:१५, मत्ती १७:५, प्रेरित ७:३७)। त्यो अगमवक्ता येशू हुनुहुन्थ्यो र यूहन्ना २मा उहाँले पहिलो अलौकिक काम गरेर उहाँ को हुनुहुन्थ्यो भने शङ्केत गर्दुभएको थियो। यसले इस्रायलीहरूलाई मिश्र देशबाट उद्धार गरिएको कामलाई औंल्याएको थियो।

मिश्रहरूका निम्ति नाइल नदी मुख्य स्रोत थियो र तिनीहरूले यसलाई देवता भनेर मान्थे। परमेश्वरले पानीलाई रगतमा परिणत गरेको अरू महामारीहरूमा एउटा थियो। कानामा येशूले त्यही खालको आश्चर्य काम गर्नुभएको थियो, तर पानीलाई रगतमा परिणत गर्नुको सट्टा रसमा परिवर्तन गर्नुभएको थियो।

यहूदी धार्मिक विधिमा छवटा पानीका भाँडाहरू शुद्ध पार्न प्रयोग गरिन्थे। येशूको यो आश्चर्य कामलाई बाइबलमा उल्लेख गरिएका मुक्तिका विषयहरूसँग नजिकै जोडिएको थियो। पानीलाई रसमा परिणत गरेको कामलाई

प्रस्थानतिर औंल्याएको देखाइएको थियो। यसले येशूलाई उद्धारकर्ताको रूपमा यूहन्नाले लिएका थिए।

येशूले उपलब्ध गराउनुभएको स्वादिलो रसलाई भोजको नाइकेले के सोचेका थिए? त्यस रसको गुणस्तरदेखि उनी अचम्म मानेका थिए। येशूले गर्नुभएको अलौकिक कामलाई थाहा नपाएर सबभन्दा असल रस त भोजको अन्तिम समयको लागि राखिएको थियो भनेर त्यस नाइकेले सोचेका थिए।

ग्रीक भाषामा उच्चारण गर्ने वाइन wine वा oinos ओइनोस भनेको दुवै कुहायको वा रक्सी बनाएको र ताजा अङ्गुरको रसलाई लिइन्छ (सेभेन्थ-डे एडभेन्टिस्ट बाइबल कमेन्टरी, पृ. ११७७)। येशूले भोजमा आश्चर्य कामबाट उपबलब्ध गराउनुभएको पेय पदार्थ रक्सी (वा नेवारीमा ऐला) थिएन भनेर एलेन जी. ह्वाइटले ठोकुवा गर्नुहुन्छ (द डिजाएर अभ एजेज, पृ. १४९को "आट द मारिज फिस्ट")। जसले येशूको कामलाई देखे तिनीहरू चकित भएका थिए भन्ने कुरामा दुईमत छैन।

***तपाईंले येशूलाई के कारणहरूले पछ्याउनु भएको छ? (हामीमा धेरै कारणहरू छन्, छैन त?)।***

## २. गलिलमा दोस्रो चिन्ह वा अलौकिक काम

यस संसारमा रहनुहुँदा उहाँको जीवनभरि नै विभिन्न अलौकिक वा आश्चर्य कामहरू गर्नुभएर उहाँले आफू को हुनुहुन्छ भनेर पहिचान दिनुभएको थियो। यूहन्नाले ती अलौकिक कामहरूको बारेमा उल्लेख गरेका छन्, ताकि अरूहरूले उहाँलाई विश्वास गरुन्।

**यूहन्ना ४:४६-५४ पढ्नुहोस्। विवाहको भोजमा येशूले गर्नुभएको आश्चर्य कामलाई यूहन्नाले कसरी जोडेका छन्? हेर्नुहोस्: " ४६ त्यसपछि उहाँ फेरि गालीलको काना नगरमा आउनुभयो, जहाँ उहाँले पानीलाई दाखमद्य बनाउनुभएको थियो। कफर्नहुममा एक जना उच्च अधिकारी थिए, जसको छोरो बिरामी थियो। ४७ येशू यहूदियाबाट गालीलमा आउनुभएको छ भन्ने सुनेर तिनी उहाँकहाँ गए, अनि तिनको छोरालाई आएर निको पारिदिन भनी उहाँलाई बिन्ती गरे, किनकि तिनको छोरो मर्नै आँटेको थियो। ४८ येशूले तिनलाई भन्नुभयो, "तिमीहरू चिन्ह र अचम्मका कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ।" ४९ ती उच्च अधिकारीले उहाँलाई भने, "हजूर, मेरो छोरो मर्नुभन्दा अघि नै आइदिनुहोस्।" ५० येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिम्रो छोरो**

**बाँच्नेछ।" येशूले तिनलाई भन्नुभएको वचन ती मानिसले विश्वास गरे, र आफ्नो बाटो लागे। ५१ अनि तिनी जाँदैगर्दा बाटैमा तिनका चाकरहरूले तिनलाई भेटेर तिनको छोरा बाँच्यो भनी तिनलाई बताए। ५२ कुन घड़ीदेखि त्यसलाई सन्चो हुन लाग्यो भनी तिनले तिनीहरूलाई सोध्दा तिनीहरूले भने, "हिजो दिउँसो एक बजेदेखि जरोले तिनलाई छोड्यो।" ५३ येशूले तिनलाई "तिम्रो छोरो बाँच्नेछ" भन्नुभएको घड़ीदेखि नै हो रहेछ भनी बाबुले थाहा पाए। अनि तिनी आफैले र तिनका सारा परिवारले विश्वास गरे। ५४ यहूदियाबाट गालीलमा आएर येशूले गर्नुभएको यो दोस्रो चिन्ह थियो।"**

गलिलमा गर्नुभएको येशूको दोस्रो आश्चर्य काम वा उहाँ को हुनुहुन्छ भनेर प्रकट गर्ने चिन्हलाई औँल्याउन यूहन्नाले विवाहको भोजमा भएको पहिलो अलौकिक कामलाई याद गरेका थिए। यूहन्नाले यो भन्न खोजिरहेको आभास दिन्छ, जुन आश्चर्य वा अलौकिक कामहरूले येशूको बारेमा शङ्केत गर्छ त्यसले येशू को हुनुहुन्छ भनेर ठम्याइरहेको देखाउँछ। अनि यूहन्नाले यो थप्छन्, **"यहूदियाबाट गालीलमा आएर येशूले गर्नुभएको यो दोस्रो चिन्ह थियो।" यूहन्ना ४:५४।**

येशूले उच्च अधिकारीलाई दिनुभएको जवाफ झट्ट सुन्दा रुखो देखिन्छ। आफ्नो छोरोलाई येशूले निको पार्न चाहनुहुन्छ भने उनले उहाँलाई विश्वास गर्न खाँचो भएको उनले महसुस गरेका थिए। येशूले उनको हृदय पढ्नुभएको थियो। आत्मिक बिमार उनको छोरोको ज्यान लिने बिमारभन्दा चर्को थियो भनेर येशूले ठोकुवा गर्नुभएको थियो। आकाशबाट बज्र परेको जस्तै उनले अचानक यो महसुस गरेकि उनको आत्मिक विपन्नताले गर्दा उनको छोरोको जीवन धरापमा पर्न सक्छ।

यो आत्मिक ज्ञान सबैमा हुनु अत्यन्तै जरुरी छः येशूका अलौकिक वा आश्चर्य कामहरूले उहाँ मसीह हुनुहुन्छ भनेर प्रमाणित गर्दैन। अरूहरूले पनि आश्चर्य वा अलौकिक कामहरू गरेका थिए र छन् पनि। कतिपय सत्य अगमवक्ता वा परमेश्वरका जनहरू होला, कतिपय त झुठा वा धर्मका खोल लगाएर अचम्मका कामहरू गर्ने होलान् र छन् पनि। आश्चर्य कामहरूले अलौकिक शक्तिको अस्तित्व छ भनेर देखाउँछन्। तर, तिनीहरूमा परमेश्वरले नै काम गरिरहनुभएको छ भनेर प्रमाण गर्नु आवश्यकता छैन। (सैतानले पनि अनेकौं अलौकिक कामहरू गर्न सक्छन्, यदि तिनीहरूलाई आश्चर्य काम भनेर

हामी चिन्छौं भने। -अझ पहिलो अलौकिक काम त अदनको बगैंचामा सर्पद्वारा सैतान बोलेको मान्नुपर्छ-अनुवादकको थप)।

त्यस उच्च अधिकारीले आफ्नो पीडा येशूकै दयामा सुम्पन्छन्। आफ्नो छोरोलाई निको पार्न येशूसँग अनुनय बिन्ती गर्छन्। उहाँले भन्नुभयो, "जाऊ, तिम्रो छोरो बाँच्नेछ" (यूहन्ना ४:५०)। "बाँच्नेछ" भन्ने क्रियापद ग्रीक भाषाको वर्तमान काल "बाँच्छ" हो। यसलाई "भविष्यलाई देखाउने वर्तमान क्रिया" भनेर बताउँछ। भविष्यमा हुने काम वर्तमान समयमा नै भइरहेको भनेर यस क्रियापदले देखाउँछ। येशूले भन्नु भएको बित्तिक्कै त्यो मानिस घरमा दगुरेर गएन। येशूले उनको छोरोलाई निको पार्नुहुनेछ भनेर उनले विश्वास गरेका थिए। भोलिपल्ट उनी घर पुग्दा छोरो निको भएको उनले भेट्टाए। जुन समयमा येशूले उनलाई सम्बोधन गर्नभएको थियो त्यही समयमा उनको छोरोको ज्वरो निको भएको थियो।

***येशूलाई विश्वास गर्ने यो कस्तो प्रभावकारी कारण हो!***

***यस संसारमा अनेकौं आश्चर्य कामहरू भइरहेको हामी देख्छौं। ती अलौकिक कामै होला। तर त्यो काम सनातन परमेश्वरबाट नै आएको भनेर थम्याउन के मापदण्डहरू हेर्नुपर्छ?***

## ३. बेथसैदाको जलकुण्डनिर भएको आश्चर्य काम

अर्को अलौकिक चिन्ह बेथसेदाको जलकुण्डनिर येशूले गर्नुभएको कामलाई यूहन्नाले बताउँछन् (यूहन्ना ५:१-९)। बेलाखबतमा स्वर्गदूत आएर त्यस कुण्डको पानी छचल्किन्छन् र बिरामी भएको मानिस त्यसबेला त्यस कुण्डमा हाम फाल्यो भने निको हुन्छ भनेर विश्वास गरिन्थ्यो। त्यसको फलस्वरूप, त्यहाँ भएका पाटीहरूमा मानिसहरू भरिभराउ हुन्थे। तिनीहरू कहिले स्वर्गदूत आउला र पानी छचल्केला भनेर पर्खन्थे। येशू यरुशलेममा जाँदै हुनुहुन्थ्यो उहाँ त्यस जलकुण्डमा जानु भयो। त्यहाँ धेरै बिरामीहरू स्वर्गदूत आउला भनेर पर्खेर बसेका थिए।

यो दृश्य कस्तो होला! ती मानिसहरू पानी छचल्किँदा आफूहरू निको होला भनेर पर्खेर बसेका बसै थिए। तर त्यो केवल काल्पनिक आशा मात्रै थियो। जब येशू आउनुभयो कमसेकम एक जना बिरामीलाई निको पार्ने अवसर उहाँले पाउनुभएको थियो।

यूहन्ना ५:१-९ पढ्नुहोस्। जलकुण्डनिर पर्खेर बसेका मानिसहरू जो पनि निको होला भनेरै पर्खेर बसेका थिए, तैपनि पक्षाघात भएको मानिसलाई ऊ निको हुन चाहन्छ कि भनेर येशूले किन सोध्नुभयो? हेर्नुहोस्: "१ त्यसपछि यहूदीहरूको चाड थियो, र येशू यरूशलेममा जानुभयो। २ यरूशलेममा भेड़ा-ढोकाको नजिक पाँच वटा दलान भएको एउटा जल-कुण्ड छ, जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ। ३ त्यहाँ अनेक रोगीहरू, अर्थात्– अन्धा, लङ्गड़ा, पक्षाघातीहरू पस्रिरहन्थे। [तिनीहरू पानी कति बेला छचल्किन्छ भनेर पर्खिरहन्थे। ४ किनभने परमप्रभुका एउटा दूतले बेला-बेलामा जल-कुण्डमा ओर्लेर पानी हल्लाइदिन्थे, र पानी छचल्किएपछि जो पहिला पानी भित्र पस्थ्यो, जस्तै रोगले ग्रस्त भए पनि, त्यो निको भइहाल्थ्यो।] ५ त्यहाँ अठतीस वर्षदेखि बिरामी भएको एक जना मानिस थियो। ६ येशूले त्यसलाई त्यहाँ पस्रिरहेको देख्नुभयो अनि लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर येशूले त्यसलाई भन्नुभयो, "के तिमी निको हुन चाहन्छौ?" ७ रोगीले उहाँलाई भन्यो "हजूर, जुन बेला पानी छचल्काइन्छ मलाई जलकुण्डमा हालिदिने मेरो कोही मानिस छैन, म जाँदाजाँदै मभन्दा अगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ।" ८ येशूले त्यसलाई भन्नुभयो, "खड़ा होऊ, र आफ्नो ओछ्यान उठाऊ, र हिंड़।" ९ तुरुन्तै त्यो मानिस निको भयो, र आफ्नो ओछ्यान बोकी ऊ हिंड़िहाल्यो। त्यो दिन शबाथ-दिन थियो।"

कोही मानिस धेरै समयसम्म बिरामी हुन्छ भने उसको निम्ति बिमार सामान्य जीवन जस्तै भइसकेको हुन्छ। त्यस खालको अपाङ्गलाई कसैले त्यसै छोडेर जानु असजिलो पनि लाग्न सक्छ। जब येशूले त्यस मानिसलाई निको हुन चाहन्छौ कि भनेर सोध्नुहुँदा उसको जवाफले निको हुन चाहेको आभास दिन्छ। समस्या त के थियो ऊ जस्ता धेरै मानिसहरू निको हुन गलत ठाउँमा परिरहेका हुन्छन्। त्यस मानिसका खुट्टाहरू बनाउने उसकै अगाडि उभिरहनुभएतापनि उहाँ को हुनुहुन्छ भनेर उसलाई थाहा हुँदैन। जब ऊ निको हुन्छ तब उसलाई निको पार्ने येशू को हुनुहुन्छ भनेर बुझ्न प्रयास गर्न थालेको हुन्छ। उहाँ त असाधारण व्यक्ति हुनुहुन्छ भनेर उसको दिमागमा खेलाउन थालेको हुन्छ।

"यो त अचम्मको छ कि येशूले त्यस कष्टमा परेको मानिसले उहाँमाथि विश्वास गर भनेर अऱ्हाउनुहुन्न। उहाँले केवल यति मात्र भन्नुभयो, 'उठ, तिम्रो ओछ्यान उठाउ र हिंड। तर उहाँको वचनमा नै त्यस मानिसको

विश्वास अड्किएको हुन्छ। उसको शरीरका प्रत्येक नशा, तन्तु र माँसपेशीहरू जुऱ्याक जुरुक उठ्छ। उसले नयाँ जीवन पाउँछ। उसको अपाङ्ग शरीरका अङ्गहरू स्वस्थ भएर चल्न थाल्छन्। उहाँसँग कुनै प्रश्न नै नगरी उहाँको आदेश पालना गर्न ऊ तयार हुन्छ। जुरुक्क उठ्दा ऊ अब फेरि सक्रिय व्यक्ति भएको महसुस गर्छ। उसका सबै माँसपेशीहरू चल्न थालेको उसले महसुस गर्दछ। परमेश्वरको सहयोग उसमाथि हुन्छ भनेर येशूले उसलाई विश्वस्त पार्नुभएको थियो। यदि त्यस मानिसले तर्कहरू गरेर उहाँको आदेश पालना नगर्न आनकानी गरेको भए उसको निको हुने अवसर उसले गुमाउँथ्यो। तर उसले ख्रीष्टको वचनलाई विश्वास गऱ्यो। त्यही वचनमाथि भरोसा राखेर चल्दा उसले बल पाएको थियो।"-*द डिजाएर अभ एजेज,* २०२,२०३।

***पछि उसलाई येशूले मन्दिरमा भेटेर यो भन्नुभएको थियो, "तिमी निको भयौ। अब पाप नगर, नत्र तिमीलाई झन महा रोगले सताउनेछ" (यूहन्ना ५:१४)। पाप र बिमारको बीचमा सम्बन्ध के छ? कुनै बिमारहरू हाम्रो आफ्नै पापहरूले गर्दा सिधै भएको होइन भनेर हामीले कसरी बुझ्ने?***

## ४. पत्थरको हृदय

यस संसारमा कतिपय धर्मका मानिसहरूले अनेकौं चमत्कार, चिन्ह, आश्चर्य र अलौकिक कामहरू गरेर देखाउन सक्छन्। ती सर्वसाधारण र सामान्य मानिसहरूले गर्न सक्दैनन्। तर ती चर्तिकलाहरू परमेश्वरबाट नै भएको हो भनेर प्रमाणित हुँदैनन्। तर ती कामहरू परमेश्वरबाटै आएको हो भने त्यसलाई अस्वीकार गर्नु खतरा हुन सक्छ।

**यूहन्ना ५:१०-१६ पढ्नुहोस्। यहूदी धर्मका हेमायती वा धर्मगुरुहरूका हृदय अचम्म पार्ने कतिको पत्थरी थियो भनेर यस वृतान्तले हामीलाई पाठ सिकाउँछ? येशूले भर्खर अलौकिक वा आश्चर्य काम गरेर देखाउनुभएतापनि तिनीहरूको कठोर हृदयले उहाँको विरुद्धमा षडयन्त्र रच्न अग्रसर भएका थिए? हेर्नुहोस्, " निको पारिएको त्यस मानिसलाई यहूदीहरूले भने, "यो त शबाथ-दिन हो, तिमीलाई ओछ्यान बोक्नु उचित छैन।" ११ त्यसले तिनीहरूलाई जवाफ दियो, "जसले मलाई निको पार्नुभयो उहाँले नै भन्नुभयो, 'आफ्नो ओछ्यान बोकेर हिंड'।" १२ तिनीहरूले त्यसलाई सोधे, "तिमीलाई ओछ्यान बोकेर हिंड भन्ने मानिस को हो?" १३ तर निको भएको त्यस**

**मानिसले उहाँ को हुनुहुन्थ्यो भनी चिनेको थिएन, किनभने त्यस ठाउँमा भीड भएको हुनाले येशू त्यहाँबाट गइसक्नुभएको थियो। १४ त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, "हेर, तिमी निको भएका छौ। फेरि पाप नगर, र तिमीमाथि अझ बढ़ी खराबी आई नपरोस्।" १५ उसलाई निको पार्ने त येशू हुनुहुँदोरहेछ भनेर त्यस मानिसले गएर यहूदीहरूलाई भनिदियो। १६ त्यस कारणले गर्दा यहूदीहरूले येशूलाई खेदो गर्न लागे, किनभने उहाँले यो काम शबाथ-दिनमा गर्नुभएको थियो।"**

जब निको भएको मानिसलाई येशूले आफू को हुनुहुन्थ्यो भनेर प्रकट गर्नुभएपछि त्यो मानिस तुरन्तै पुजारी र धर्मगुरुहरूलाई आफूलाई निको पार्ने येशू पो हुनुहुन्थ्यो भनेर बताइ दियो (येशूलाई धोका दिनेमा शायद यो नै पहिलो व्यक्ति थियो होला–अनुवादकको जिज्ञासा)। ती धर्मको अधिकारीहरू खुशी भएर परमेश्वरको प्रशंसा गर्नुको सट्टा तिनीहरूले येशूलाई खेदो गर्न लागे, किनभने उहाँले यो काम शबाथ-दिनमा गर्नुभएको थियो (यूहन्ना ५:१६)।

आपतकालिन परिस्थितिमा मात्रै बिरामीलाई साबथमा निको पार्न सकिन्थ्यो। यो मानिस त ३८ वर्षसम्म अपाङ्ग भएको थियो। यसलाई आपतकालिन भन्न मिल्दैन। अनि त्यसमा पनि उसले आफ्नो ओछ्यान लिएर हिंड्नु के आवश्यक थियो त? परमेश्वरको शक्तिले यस्तो अलौकिक काम गर्ने व्यक्तिले साबथमा के गर्नुहुन्छ के गर्नुहुन्न भन्ने नियम त थाहै हुनुपर्थ्यो। मानिसहरूले आविष्कार गरेका धर्म, विधि, परम्परा, नीतिनयमहरू भन्दा अपार भएर बाइबलका सत्यहरूलाई अङ्गिकार गर्नुपर्छ भन्ने गहिरो अर्थ मानिसहरूले बुझून् भनेर सिकाउन खोज्नुभएको थियो। धर्म वा आस्थाले मानिसलाई कतिको कठोर बनाउन सक्दो रहेछ भन्ने ज्वलन्त उदाहरण यहाँ प्रस्तुत गरिएको छ।

**धर्म मान्ने धर्मका गुरु, शिक्षक र दार्शनिकहरूले प्रमाणै पाएतापनि तिनीहरूलाई धर्म वा आत्मियतामा कतिको कठोर बनाउँदो रहेछ अर्थात् मानवताभन्दा जुनसुकै मोलमा पनि धर्मलाई सर्वोपरि राख्ने प्रवृत्ति देहायका पदहरूले कसरी खोलाउँछ? हेर्नहोस्, " १ त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नुभयो। २ उहाँका चेलाहरूले उहाँलाई सोधे, "रब्बी, कसले पाप गऱ्यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो?" ३ येशूले जवाफ दिनुभयो, "न त यसले पाप गऱ्यो न यसका आमा-बुबाले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्। ४**

मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ। रात आउँछ, जब कसैले काम गर्न सक्दैन। ५ म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ।" ६ यी कुरा भनेर उहाँले भूइँमा थुक्नुभयो, र थूकले माटो मुछेर लेप बनाई त्यसका आँखामा लगाइदिनुभयो। ७ अनि उहाँले त्यसलाई भन्नुभयो, "जाऊ, सिलोआमको (जसको अर्थ हो, पठाइएको) तलाउमा गएर पखाल।" त्यसले गएर पखाल्यो, र देख्ने भएर फर्क्यो। ८ त्यसका छिमेकीहरू र त्यसलाई भीख मागेको देख्नेहरूले भने, "बसेर भीख माग्ने मान्छे के यही होइन?" ९ कसै-कसैले भने, "यो त्यही हो।" अरूले भने, "होइन, यो त्यहीजस्तो देखिन्छ।" त्यसले भन्यो, "म त्यही हुँ।" १० तब तिनीहरूले त्यसलाई सोधे, "तेरा आँखा कसरी खोलिए त?" ११ त्यसले जवाफ दियो, "येशू भन्ने एक जना मानिसले माटोको लेप बनाएर मेरा आँखामा लगाइदिएर मलाई भन्नुभयो, 'सिलोआममा जाऊ र पखाल।' तब गएर मैले पखालें, र म देख्ने भएँ।" १२ तिनीहरूले त्यसलाई भने, "तिनी कहाँ छन् त?" त्यसले भन्यो, "म जान्दिनँ।" १३ अघि अन्धो हुने त्यस मान्छेलाई तिनीहरूले फरिसीहरूकहाँ ल्याए। १४ जुन दिन येशूले माटोको लेप बनाएर त्यसका आँखा खोलिदिनुभएको थियो त्यो शबाथ-दिन थियो। १५ फरिसीहरूले त्यसलाई सोधे, "तँ कसरी देख्ने भइस्?" त्यसले तिनीहरूलाई भन्यो, "उहाँले मेरा आँखामा माटोको लेप लगाइदिनुभयो, अनि मैले पखालें र देख्ने भएँ।" १६ फरिसीहरूमध्ये कुनै-कुनैले भने, "त्यो मानिस परमेश्वरबाट आएको होइन, किनकि त्यसले शबाथ-दिन पालन गर्दैन।"

तर अरूहरूले भने, "कसरी पापी मानिसले यस्ता चिन्हहरू गर्न सक्तछ?" र तिनीहरूका बीचमा फाटो हुन गयो।" यूहन्ना ९:१-१६; "२० त्यसपछि येशू फेरि घरतिर जानुभयो। फेरि भीड जम्मा भयो, यहाँसम्म कि उहाँहरूले भोजन खान पनि पाउनुभएन। २१ जब येशूका परिवारले यो सुने, तब उहाँलाई लैजानलाई उनीहरू निस्के, किनकि उहाँको मन ठेगानमा छैन भनी उनीहरू भन्थे। २२ यरूशलेमबाट आएका व्यवस्थाका शास्त्रीहरूले भने, "त्यसमा बालजिबुल भूत छ, र भूतहरूको मालिकद्वारा नै त्यसले भूतहरू निकाल्दछ।" २३ तर उहाँले तिनीहरूलाई आफूकहाँ बोलाएर दृष्टान्तहरूमा भन्नुभयो, "शैतानले शैतानलाई कसरी निकाल्न सक्छ?" मर्कूस ३:२०-२३ र" ९ त्यहाँबाट निस्केर उहाँ तिनीहरूको सभाघरमा जानुभयो। १० त्यहाँ एउटा हात सुकेको मानिस थियो। तिनीहरूले येशूलाई दोष लगाउने अभिप्रायले उहाँलाई सोधे, "के शबाथमा कसैलाई निको पार्नु उचित छ?" ११ उहाँले

तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमध्ये कसैको एउटा भेड़ा छ, र शबाथमा त्यो खाल्डोमा पऱ्यो भने, के तिमी त्यसलाई समातेर बाहिर निकाल्दैनौ र? १२ भेड़ाभन्दा मानिस कति बढ़ी मूल्यवान् छ? यसैकारण शबाथमा भलो गर्नु उचित छ।" १३ तब उहाँले त्यस मानिसलाई भन्नुभयो, "तिम्रो हात पसार।" त्यसले हात पसाऱ्यो, र त्यो हात अर्को जस्तै सद्दे भइगयो। १४ तर फरिसीहरूले बाहिर गएर उहाँलाई कसरी नाश गरौं भनेर उहाँको विरुद्धमा मतो गर्न लागे।" मत्ती १२:९-१४।

धर्मका ती मतियार, गुरु र पण्डितहरू कसरी अन्धो हुन सक्ने भए त? धर्मले गर्दा होइन तर तिनीहरूको आफ्नै भ्रष्ट हृदयले तिनीहरूलाई कठोर बनाएको थियो। अहिले नै मसीहले तिनीहरूलाई रोमको शासनबाट स्वतन्त्र पार्नुहुन्छ र उहाँ स्वतन्त्र सेनानी हुनुहुन्छ भन्ने तिनीहरूको गलत विश्वास वा धार्मिक विद्याले गर्दा तिनीहरूका हृदय भ्रष्ट भएको थियो। तिनीहरू आफ्नो मात्र भाउ खोज्ने, अरूमाथि शक्ति वा अधिकार जमाउने प्रवृत्तिमा भोको थियो र तिनीहरूका हृदय परमेश्वरमा समर्पित थिएन। ती सबै थोकहरूले गर्दा तिनीहरूकै अगाडि उभिनु भएको सत्यलाई अस्वीकार गर्न अग्रसर गराएको थियो।

येशूको चेतावनी के थियो? हेर्नुहोस् यूहन्ना ५:३०-४७। उहाँका वचनहरूबाट हामीले के सिक्न सक्छौं? त्यसको अर्थ हामीलाई सत्य वा बाइबलका विद्याहरूले नै किन अन्धा बनाउन सक्छ यदि तिनीहरूलाई हाम्रो जीवनमा उतार्न सकेन भने? हेर्नुहोस्, " ३० "म आफै केही गर्न सक्दिनँ। जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु, र मेरो न्याय ठीक ठहर्छ, किनकि म आफ्नो इच्छा खोज्दिनँ, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु। ३१ "यदि मैले आफ्नो विषयमा गवाही दिएँ भने मेरो गवाही सत्य हुँदैन। ३२ मेरो विषयमा गवाही दिने अर्कै हुनुहुन्छ, र म जान्दछु, कि मेरो विषयमा उहाँले जे गवाही दिनुहुन्छ, त्यो गवाही सत्य ठहर्छ। ३३ "तिमीहरूले यूहन्नाकहाँ सोध्न पठायौ, अनि उनले सत्यको गवाही दिएका छन्। ३४ मैले ग्रहण गर्ने गवाही मानिसको होइन, तर तिमीहरूको उद्धार होस् भनेर म यी कुरा भन्दछु। ३५ यूहन्ना बल्दो र चम्किलो बत्ती थिए, र तिमीहरू उनको प्रकाशमा थोरै समय आनन्द मनाउन राजी भयौ। ३६ "तर मसँग जो गवाही छ, त्यो यूहन्नाको भन्दा ठूलो छ। किनकि जुन कामहरू पूरा गर्न पिताले मलाई दिनुभएको छ, ती काम म गरिरहेको छु, अनि तिनैले मेरो विषयमा गवाही दिइरहेछन् कि पिताले मलाई पठाउनुभएको हो। ३७ मलाई पठाउनुहुने पिता आफैंले मेरो विषयमा गवाही

दिनुभएको छ। उहाँको सोर तिमीहरूले कहिले सुनेका छैनौ, अनि उहाँको रूप कहिले देखेका छैनौ। *३८ उहाँको वचन तिमीहरूमा रहँदैन, किनभने जसलाई उहाँले पठाउनुभयो, तिमीहरू उहाँमाथि विश्वास गर्दैनौ। ३९ तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, ४० तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ। ४१ "म मानिसहरूबाट महिमा ग्रहण गर्दिनँ, ४२ तर परमेश्वरको प्रेम तिमीहरूमा छैन भनी म जान्दछु।* ४३ म आफ्ना पिताको नाउँमा आएको छु, तर तिमीहरू मलाई ग्रहण गर्दैनौ। अर्को कोही आफ्नै नाउँमा आयो भने त्यसलाई ग्रहण गर्नेछौ। ४४ तिमीहरू कसरी विश्वास गर्न सक्छौ, जब कि तिमीहरू आपसमा एक-अर्काबाट सम्मान खोज्दछौ, अनि त्यो सम्मानको खोजी गर्दैनौ, जो एकमात्र परमेश्वरबाट आउँदछ? ४५ "यो नसम्झ, कि म पिताको सामु तिमीहरूलाई दोष लाउनेछु। तिमीहरूलाई दोष लाउने त मोशा छन्, जसमा तिमीहरूले आफ्ना आशा राखेका छौ। ४६ किनभने तिमीहरूले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ, किनकि उनले मेरो विषयमा लेखेका थिए। ४७ तर तिमीहरू उनले लेखेका कुराहरू विश्वास गर्दैनौ भने, मेरा वाणी कसरी विश्वास गर्छौ?"

## ५. येशूका दावीहरू

बेथसैदाको जनकुण्डमा ३८ वर्षदेखि पक्षाघात भएको रोगीलाई येशूले निको पार्नुहुँदा उहाँ को हुनुहुन्छ भनेर जिकिर गर्न सक्ने उत्तम अवसर यूहन्नालाई मिलेको थियो। उहाँको अचम्मको कामलाई वर्णन गर्न यूहन्नाले ९ पदहरू प्रयोग गरेका थिए भने त्यस अलौकिक काम गर्ने व्यक्ति को हुनुहुन्छ भनेर वर्णन गर्न ४० पदहरू प्रयोग गरेका थिए।

यूहन्ना ५:१६-१८ पढ्नुहोस्। साबथमा येशूले गर्नुभएको कामले गर्दा उहाँलाई धर्मगुरुहरूले किन सताउन थालेका थिए? हेर्नुहोस्, " १६ त्यस कारणले गर्दा यहूदीहरूले येशूलाई खेदो गर्न लागे, किनभने उहाँले यो काम शबाथ-दिनमा गर्नुभएको थियो। १७ तब येशूले तिनीहरूलाई भन्नुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु।" १८ यसकारण यहूदीहरूले येशूलाई मार्न अझ बढ़ी प्रयत्न गर्न लागे, किनकि उहाँले शबाथ-दिन भङ्ग गर्ने काम मात्र होइन, तर आफैलाई परमेश्वरको बराबरी तुल्याएर उहाँले परमेश्वरलाई आफ्नै पिता भन्नुभएको थियो।"

सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति यूहन्ना ५:१८ ले परेशान दिन सक्छ। यहाँ त येशूले नै साबथ तोड्नु भएको थियो भनेर लेखिएको छ। तर यूहन्ना ५:१६-१८लाई नजिकै नियालेर हेर्दा साबथमा उहाँको काम उहाँका पिताको सम्बन्धसँग सम्मत छ भनेर देखाउँछ। साबथ भयो भन्दैमा परमेश्वरले जगतब्रम्हाण्डलाई थाम्ने काम उहाँले रोक्नुहुन्न। त्यसकारण, साबथमा उहाँले गर्नुभएको वा गर्नु हुने क्रियाकलापले उहाँको दैवत्वको दावीको भाग थियो र हो पनि। धर्मका अगुवाहरूले उहाँले साबथ तोड्नु भएको र उहाँ परमेश्वरको बराबरीमा आफू रहेको भनेर उहाँलाई सताउन थालेका थिए।

**यूहन्ना ५:१९-४७ पढ्नुहोस्। येशू सचमुच रूपमा को हुनुहुन्छ र उहाँको दावीलाई उहाँको अलौकिक वा आश्चर्य कामले समर्थन गरेको छ भने धार्मिक अगुवाहरूलाई बुझाउन उहाँले के भनिरहनुभएको छ? हेर्नुहोस्: " १९ येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, पुत्र आफैले केही गर्न सक्दैन, तर पिताले जे गर्नुभएको देख्छ त्यही मात्र गर्छ, किनकि पिताले जे गर्नुहुन्छ, पुत्रले त्यसै गर्छ। २० किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफैले गरिरहनुभएका सबै काम पुत्रलाई देखाउनुहुन्छ। यीभन्दा महान् काम उहाँले पुत्रलाई देखाउनुहुनेछ, र तिमीहरू आश्चर्यचकित हुनेछौ। २१ किनभने जसरी पिताले मृतकहरूलाई उठाउनुहुन्छ र तिनीहरूलाई जीवन दिनुहुन्छ, त्यसरी नै पुत्रले पनि जसलाई इच्छा गर्दछ, त्यसलाई जीवन दिँदछ। २२ किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ, २३ ताकि सबैले पुत्रको आदर गरून्, जसरी तिनीहरूले पिताको आदर गर्दछन्। पुत्रको आदर नगर्नेले उसलाई पठाउनुहुने पिताको पनि आदर गर्दैन। २४ "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ। २५ साँच्चै, म तिमीहरूलाई भन्दछु, त्यो समय आइरहेछ, र त्यो समय अहिले हो, जब मृतकहरूले परमेश्वरका पुत्रको सोर सुन्नेछन्, र सुन्नेहरू बाँच्नेछन्। २६ किनभने जसरी पिता आफैमा जीवन छ, उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवनको स्रोत हुने अधिकार दिनुभएको छ। २७ अनि उसलाई न्यायको फैसला दिने अधिकार दिनुभएको छ, किनभने ऊ मानिसको पुत्र हो। २८ "यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, २९ र बाहिर निस्किआउनेछन्: सुकर्म गर्नेहरू जीवनको पुनरुत्थानको निम्ति, र कुकर्म**

गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरुत्थानको निम्ति। ३० "म आफै केही गर्न सक्दिनँ। जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु, र मेरो न्याय ठीक ठहर्छ, किनकि म आफ्नो इच्छा खोज्दिनँ, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु। ३१ "यदि मैले आफ्नो विषयमा गवाही दिएँ भने मेरो गवाही सत्य हुँदैन। ३२ मेरो विषयमा गवाही दिने अर्कै हुनुहुन्छ, र म जान्दछु, कि मेरो विषयमा उहाँले जे गवाही दिनुहुन्छ, त्यो गवाही सत्य ठहर्छ।

३३ "तिमीहरूले यूहन्नाकहाँ सोध्न पठायौ, अनि उनले सत्यको गवाही दिएका छन्। ३४ मैले ग्रहण गर्ने गवाही मानिसको होइन, तर तिमीहरूको उद्धार होस् भनेर म यी कुरा भन्दछु। ३५ यूहन्ना बल्दो र चम्किलो बत्ती थिए, र तिमीहरू उनको प्रकाशमा थोरै समय आनन्द मनाउन राजी भयौ। ३६ "तर मसँग जो गवाही छ, त्यो यूहन्नाको भन्दा ठूलो छ। किनकि जुन कामहरू पूरा गर्न पिताले मलाई दिनुभएको छ, ती काम म गरिरहेको छु, अनि तिनैले मेरो विषयमा गवाही दिइरहेछन् कि पिताले मलाई पठाउनुभएको हो। ३७ मलाई पठाउनुहुने पिता आफैले मेरो विषयमा गवाही दिनुभएको छ। उहाँको सोर तिमीहरूले कहिले सुनेका छैनौ, अनि उहाँको रूप कहिले देखेका छैनौ। ३८ उहाँको वचन तिमीहरूमा रहँदैन, किनभने जसलाई उहाँले पठाउनुभयो, तिमीहरू उहाँमाथि विश्वास गर्दैनौ। ३९ तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, ४० तापनि तिमीहरू जीवन प्राप्त गर्न मकहाँ आउन इन्कार गर्छौ। ४१ "म मानिसहरूबाट महिमा ग्रहण गर्दिनँ, ४२ तर परमेश्वरको प्रेम तिमीहरूमा छैन भनी म जान्दछु। ४३ म आफ्ना पिताको नाउँमा आएको छु, तर तिमीहरू मलाई ग्रहण गर्दैनौ। अर्को कोही आफ्नै नाउँमा आयो भने त्यसलाई ग्रहण गर्नेछौ। ४४ तिमीहरू कसरी विश्वास गर्न सक्छौ, जब कि तिमीहरू आपसमा एक-अर्काबाट सम्मान खोज्दछौ, अनि त्यो सम्मानको खोजी गर्दैनौ, जो एकमात्र परमेश्वरबाट आउँदछ? ४५ "यो नसम्झ, कि म पिताको सामु तिमीहरूलाई दोष लाउनेछु। तिमीहरूलाई दोष लाउने त मोशा छन्, जसमा तिमीहरूले आफ्ना आशा राखेका छौ। ४६ किनभने तिमीहरूले मोशालाई विश्वास गरेका भए मलाई पनि विश्वास गर्नेथियौ, किनकि उनले मेरो विषयमा लेखेका थिए। ४७ तर तिमीहरू उनले लेखेका कुराहरू विश्वास गर्दैनौ भने, मेरा वाणी कसरी विश्वास गर्छौ?"

आफ्नो पक्षमा बचावको निम्ति येशूले आफ्ना कामहरूलाई तीन चरणमा व्याख्या गर्नुहुन्छ। पहिलो, उहाँले आफ्नो पितासँग भएको घनिष्ठ

सम्बन्धलाई बताउनुहुन्छ (यूहन्ना ५:१९-३०)। येशूले उहाँका पिता परमेश्वरसँग तालमेल गरेर काम गर्नुहुन्छ भने औंल्याउनुभएको थियो। यति मात्र नभएर उहाँमा न्याय गर्ने र मरेकोलाई पुनरुत्थान गर्ने अधिकार र शक्ति छ भनेर पनि जिकिर गर्नुभएको थियो।

दोस्रोमा, उहाँले आफ्नो पक्षलाई समर्थन गर्न बप्तिस्मा दिने यूहन्नाको गवाही (यूहन्ना ५:३१-३५), उहाँका अलौकिक कामहरू (यूहन्ना ५:३६), पिता (यूहन्ना ५:३७,३८) र धर्मशास्त्रहरूका कामहरू एथेष्ठ छ भनेर उहाँले जिकिर गर्नुहुन्छ।

अन्तमा आएर उहाँलाई दोक्ष दिनेहरूलाई आफैंले दोष दिइरहेका छन् भनेर औंल्याउनुहुन्छ (यूहन्ना ५:५०-४७)। उहाँको सेवाकार्य तिनीहरूको भाउ खोज्ने प्रवृत्ति प्रति बिपरित छ भनेर उहाँले प्रकट गर्नुहुन्छ। तिनीहरूलाई दोष दिन मोशाबाट नै आउँछन् (यूहन्ना ५:४५-४७) जसलाई तिनीहरूका आशाहरू राखेका थिए भनेर उहाँले बताउनुहुन्छ।

***बाइबलको बारेमा सही शिक्षादीक्षा वा विद्या थाहा पाएतापनि येशूमा पूरा समर्पित नगर्ने धरापबाट हामी कसरी जोग्ने? चिन्तन गर्नुहोस्।***

## उपसंहारः

**थप जानकारीः** "त्यस पक्षाघात भएको व्यक्तिलाई दैविक शक्तिले सहायता गर्नेछ भनेर विश्वस्त पार्नुभएको थिएन। येशूको वचनमा उसले तर्क उसले गर्न थालेको भए उसको निको हुने अवसर गुमाउँथ्यो। तर उसले येशूको वचनलाई सरासर विश्वास गरे र त्यसमा नै भरोसा राखेर चल्दा उसले बल पायो।

"त्यही विश्वासद्वारा हामीले आत्मिक चङ्गाइ प्राप्त गर्न सक्छौं। हाम्रो पापले गर्दा परमेश्वरले दिनुहुने जीवनबाट हामी अलगिन पुगेका छौं। हाम्रा आत्मा, विवेक वा चेतना पक्षाघात भएका छन्। त्यो अशक्त मानिस आफै हिँडडुल गर्न असमर्थ भएको जस्तै हामी पनि आफ्नै प्रयासमा पवित्र जीवन बिताउन असमर्थ छौं। निराश, उदास र जीवनसँग सङ्घर्ष गरिरहने व्यक्तिले येशूतिर आँखा लगाउन्। आफ्नो रगतको बाजी राखेर मुक्तिदाताले हामीलाई निहुरेर हेरिरहनुभएको छ। उहाँले व्यक्त नै गर्न नसक्ने कोमल, स्नेह र प्यारले हामी सबैलाई सम्बोधन गरिरहनुभएको छ, 'के तिमी निरोगी हुन चाहन्छौ?' उहाँले हामीलाई स्वस्थ र शान्ति भएर उठ्न आह्वान गर्नुहुन्छ। स्वस्थ भएको अनुभव गरेपछि मात्र उहाँको कुरा सुन्ने भनेर नपर्खनुहोस्। उहाँको वचनलाई विश्वास गर्नुहोस्। उहाँको वचन पूरा हुनेछ। तपाईंको चाहना वा इच्छा ख्रीष्टको पक्षमा राख्नुहोस्। उहाँको सेवा गर्ने चाहना उहाँलाई

सुम्पनुहोस्, र उहाँको वचनलाई आत्मसात गर्दा तपाईंले बल पाउनुहुनेछ। तपाईं जुनसुकै खराब आदतमा लाग्नुभएको छ, तपाईंको मोहले तपाईंको आत्मा, मिजास, दिमाग र शरीरलाई कब्जामा राखेतापनि तिनीहरूबाट उद्धार गर्न येशू सक्षम् हुनुहुन्छ र तिब्र चाहना गर्नुहुन्छ। पाप, अधर्म र खराब तत्वले गर्दा मरेका आत्मालाई उहाँले आफ्नो जीवन प्रदान गर्नुभएर जीवित पार्न सक्नुहुन्छ। एफिसी २:१। कमजोर, दुर्भाग्य र पापका सिक्रीहरूले बाँधेका मानिसले उहाँले स्वतन्त्र पार्न सक्नुहुनेछ।"-*द डिजाएर अभ एजेज,* पृ. २०३।

"उहाँले ईश्वरनिन्दा गर्नुभएको आरोपलाई येशूले खण्डन गर्नुभएको थियो। उहाँले भन्नुभयो, मैले गरेको जुन कामको निम्ति तिमीहरूले दोष दिन्छौ त्यसको आधार कुनै छैन, किनकि म परमेश्वरको पुत्र भएकोले नै मैले मेरो काम गर्न अख्तियार पाएको छु। म उहाँको स्वभाव, चाहना र लक्षमा उहाँसँग एकै छु।"-द डिजाएर अभ एजेज, पृ. २०८।

**चिन्तनमननः**

**अ. यस अध्यायको विषयवस्तुमा ध्यान गर्नुहोस्। निरोग हुन सम्भव पार्न विश्वास नै साँचो थियो। तर त्यसको विपरित अगुवाहरूले शङ्का र अविश्वासलाई प्रकट गरेका थिए। प्रश्नको मामिलासँग हामी किन अलमलमा पर्नुहुन्न? शङ्का र सोध्ने बानी किन एउटै होइन? तिनीहरूको बीचमा भएको भिन्नता जान्नु किन जरुरी छ?**

**आ. पाँचौ भागको अन्तिम प्रश्न फेरि हेर्नुहोस्। हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले साबथलाई हतियार बनाएर अरूमाथि किन बजार्नुहुन्न? साबथको बारेमा ठिक ज्ञान भयो भन्दैमा मानिस मरेपछि के हुन्छ जस्ता विद्याहरूमा हामी खप्पिस भएतापनि हामीले तिनीहरूले किन मुक्ति दिन सक्दैन? केले र कसरी हामीले मुक्ति पाउन सक्छौं?**

**इ. यूहन्ना ५:४७मा येशूले व्यक्त गर्नुभएको भावनालाई ध्यान दिएर हेर्नुहोस्,"तिमीहरू उनले (मोशा) लेखेका कुराहरू विश्वास गर्दैनौ भने, मेरा वाणी कसरी विश्वास गर्छौ?" यदि मोशाले लेखेका पुस्तकहरूलाई विश्वास गरेन भने विश्वव्यापी जलप्रलय, छ दिनको सृष्टि आदिलाई मानिसहरूले कसरी विश्वास गर्न सक्छन् र? हाम्रो विश्वासको आधार पुरानो करार किन हुनुपर्छ?**

## कथा १

## क्याम्प क्याबिनमा भारीपन

अमेरिकाको अलास्का राज्यका स्थानीय युवतीहरू क्याम्प पोलारिस भन्ने ठाउँमा आफ्ना घरहरूबाट टाढा क्याम्पिङ्ग गर्न गएका थिए। यो दक्षिण अलास्कामा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट समर क्याम्प थियो। जब ती युवतीहरूले पहिलो रातमा काठको क्याविन वा घरहरूमा विछ्यौनाहरू मिलाएर सुतेका थिए तब तिनीहरूमा अचानक अलौकिक बोझले थिचेको तिनीहरूले महसुस गरे। तिनीहरूसँग गएका दुई जना अगुवाहरूले पनि तिनीहरूमा बोझ परेको महसुस गरे। त्यस ठाउँमा दुष्ट आत्माको उपस्थिति भएको र तिनीहरूलाई हानी गर्ने तिब्र अनुभव तिनीहरूले गरेका थिए।

एक जना २१ वर्षे राचेल अगुवाले अत्यन्तै थकान र पेलान भएको तर सुत्नै सकेकी थिइनन्। धेरै दुष्ट स्वर्गदूतहरूका उपस्थिति भएको तिनले महसुस गरिन्। आफ्नो कोठामा सुतेका आठ जना किशोरीहरूका बारेमा उनले सोचिन्। तिनीहरूलाई अरूहरूले दुर्व्यवहार गरेका थिए, आफूले आफैलाई कष्ट दिने काम गरेका र लागु पदार्थहरूसँग तिनीहरूले सङ्घर्ष गरेका थिए। एक जना किशोरीको काका तुनमुना गर्ने झाँक्री थियो।

राचेल उठिन र कालो चुलोमा आगो बालिन्। अगस्टको गर्मी महिनामा पनि अलास्काका रातहरू चिसो नै थिए। उनले येशूको भजन गाउन थालिन्। उनी एक्लै गाउन त चाहेकी थिइनन्। तर उनको ओठबाट भजन निस्के। उनी गाउँदै प्रत्येक केटी सुतेको ठाउँमा गएर प्रार्थना गरिन्। अनि ती केटीहरू आखिरमा निदाए।

त्यस रातदेखि प्रत्येक रात राचेलले भजन गाइन् र केटीहरूसँग प्रार्थना गरिन्। एक रात उनले एक जना केटीसँग प्रार्थनाको अनुरोधको केही विषय छ कि भनेर सोधिन्।"हो, म सुरक्षित भएको महसुस गर्न चाहन्छु" उनले भनिन्। "केबाट सुरक्षित?" राचेलले सोधिन्। अघिल्लो रातमा कसैले उनको घाँटी समातेको थियो। उनलाई सास फेर्न मुश्किल भएको थियो। अनि चम्किलो ज्योतित देखा पर्‍यो। उनको घाँटी अँठ्याउने अदृश्य शक्तिले उनलाई छोडेको थियो। त्यस ज्योतिमा स्वर्गदूत थियो, जसले भनेका थिए, "नडराउ।" उनमा शान्तिले छोपेको अनुभव गरिन्। अनि उनी सुतिन्। यो घट्ना राचेललाई नसुनाएसम्म कसैलाई भनेकी थिइनन्।

त्यस केटीसँग राचेलले प्रार्थना गरेपछि त्यस केटीले येशूको बारेमा चासो राखिन्। क्याम्पको समयभरी उनले येशूको बारेमा जानकारी पाइन्। उनी शान्त केटी थिइन् र धेरै कुराहरू गर्दैनथी तर उनको हृदयमा येशूका वचनको बिऊ रोपिएको थियो।

केही वर्षपछि त्यो केटी क्याम्पमा फर्केर त्यही क्याम्पमा कर्मचारी हुन तालिम लिन चाहेकीले राचेल खुशी भइन्।

राचेल कार्ल अहिले अलास्काको सिट्काको एडभेन्टिस्ट स्कुलमा सिकाउँछिन्। उनी क्याम्प पोलारिसमा स्वयम सेवक भएर काम गर्छिन् जहाँ उनी किशोरी अवस्थामा उनले असल र खराबको बिचमा वा येशू र सैतानको बिचमा भइरहेको महान् द्वन्द्वको अनुभव गरेकी थिइन्।

"अमेरिकामा धेरै मानिसहरू छन् जसलाई येशूको बारेमा जानकारी छैन भनेर पोलारिसमा काम गर्दा मैले महसुस गरें। त्यही क्याम्पमा काम गर्दा नै म अलास्कामा शिक्षक हुने निर्णय गरेकी थिएँ," यस लेखकलाई उनले सुनाइन्।

त्रैमासिक भेटीबाट उब्जेको रकमले क्याम्प पोलारिस मर्मत गर्न सहयोग गरिनेछ।

आन्ड्र्यु मेक्चेस्नी